Regd No: 77/1263/057/058
PAN No: 302275560

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

नेपालको समृद्धिका लागि ऊर्जा

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

च न २९ (०८२/८३)

मिति : २०८२/०६/०४

सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं

प्रधानमन्त्रीको निजी सचिवालय
दर्ता नं. :- ९६८६
मिति :- २०८२/०६/०५

**विषय : जलविद्युत क्षेत्रका समस्या समाधानका लागि निर्देशन गरिदिनुहुन**

**सम्माननीय प्रधानमन्त्रीज्यू**

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ऊर्जा उत्पादनमा सक्रिय उद्यमी व्यवसायीहरुको छाता संगठन हो । ऊर्जा उद्यमीका समस्याको पहिचान गर्ने र त्यसको समाधानका लागि नीति निर्माता, प्रशासक एवं नियामक निकायसँग पहल गर्ने इप्पानको मुख्य उद्देश्य हो । आजभन्दा २६ वर्ष अघि स्थापना भएको इप्पानमा ५७० भन्दा धेरै ऊर्जा उत्पादक कम्पनीहरु सदस्य रहेका छन् । देशको विद्युत उत्पादन क्षमता करिब ३७०६ मेगावाटा पुग्दा निजी क्षेत्रको सहभागितामा निर्माण भएका आयोजनाको क्षमता मात्रै करिब ३०५० मेगावाट पुगेको सम्माननीय प्रधानमन्त्रीज्यूलाई अगवत गराउन चाहान्छौ । यसैगरी निजी क्षेत्रको नेतृत्वमा ५४१६ मेगावाट क्षमताका आयोजनाहरु निर्माणाधीन अवस्थामा छन् भने २० हजार मेगावाट क्षमताका आयोजनाहरु निर्माणका विभिन्न चरणमा छन् । ऊर्जा क्षेत्रलाई यो अवस्थामा ल्याइपुऱ्याउन यस क्षेत्रमा १५ खर्ब रुपैयाँभन्दा बढी लगानी गरिसकेको निजी क्षेत्रले सरकारले लिएका २८ हजार ५०० मेगावाट विद्युत उत्पादनको मार्गचित्रसहितका लक्ष्यहरु पुरा गर्न अझै ठूलो लगानी गर्ने लक्ष्यसहित अघि बढिरहेको कुरा पनि सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष निवेदन गर्दछौं ।

विगतदेखिनै ऊर्जा क्षेत्रले विभिन्न समस्याहरु भोगिरहेको र ती समस्या समाधानका लागि पटक पटक प्रयास भएपनि अपेक्षित समाधान हुन नसकेको बेला जेन्जी आन्दोलनपछि आएको नयाँ सरकारले स्वदेशमै बसेर देशको ऊर्जा सुरक्षाका लागि ऊर्जामा लगानी गरिरहेको लगानीकर्ताहरुलाई उचित वातावरण निर्माण गरी युवापुस्ताको लागि स्वदेशमै स्वरोजगर निर्माणका लागि तपाईबाट ठोस कदम चाल्ने विश्वास लिएका छौं । निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्ने सरकारी निकायहरु जलविद्युत आयोजना र तिनका प्रवर्द्धकप्रति सकारात्मक हुँदै तपाईबाट नेपालमै थप लगानी गर्ने वातावरण निर्माणका लागि पहल हुने विश्वास लिएका छौं ।

पछिल्लो समय जलविद्युत कम्पनीहरुको धितोपत्र निष्काशन, आइजीन, उत्पादनपछि मात्र आइपीओ, पीपीए, आरसीओडी, अनुमतिपत्रको अवधि, वन मन्त्रालय र मातहतका निकायमा हुने चरम ढिलासुस्ती, सम्बन्धमा यससँग सम्बन्धीत/असम्बन्धीत सबै निकायबाट श्रृङ्खलाबद्ध ढंगले आक्रमण भइरहेको तपशिलका विषयमा भइरहेको ढिलासुस्ती र अवरोधहरु अन्त्य गरि ऊर्जा आयोजना निर्माणको सहज वातावरण निर्माण गरिदिनुहुन सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष विनम्रतापूर्वक अनुरोध गर्दछौं ।

यस सम्बन्धमा इप्पानले विगत ३ वर्षदेखि नै सम्बद्ध सबै निकायमा निवेदन गर्दै आएकोमा उक्त माग पुरा नभएका कारण प्रवर्द्धकहरु आन्दोलनमा जाने अन्तिम तयारी गरिहेका बेला सरकार परिवर्तन भएकाले नयाँ सरकारले शान्तिपूर्ण ढंगबाट मागहरु पुरा गर्ने विश्वास लिएका छौं ।

Heritage Plaza II, Kamaladi, PO Box: 20010, Kathmandu, Nepal, Tel: 977-1-4169175, Email: info@ippan.org.np, Web: www.ippan.org.np

*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

**१. पीपीए र आरसीओडी सम्बन्धमा**

**क. पीपीए खुला गर्ने सम्बन्धमा**

२०७५ सालपछि नेपालमा जलविद्युत आयोजनाहरुको विद्युत खरिद सम्झौता अघोसित रुपमा रोकिएको छ । चालु आर्थिक वर्षको बजेटमा विद्युत खरिद सम्झौता (पीपीए) मा लिऊ र तिर (टेक एण्ड पे) समावेश गरेकोमा बजेट पारित हुँदा निवर्तमान प्रधानमन्त्रीज्यूले यो व्यवस्था जलविद्युत विकासको विरुद्धमा हुने देखिएर फिर्ता गरिएको भनी संसदमा गरेको सम्बोधन पछि ऊर्जा उत्पादकहरु पीपीए खुला हुने विश्वासमा रहेकोमा नेपालको एकमात्र विद्युत खरिद गर्ने निकाय नेपाल विद्युत प्राधिकरणले अहिले पनि पीपीए खुला गर्न नगरेकोले यथाशिघ्र पीपीए खुला गर्नका लागि नेपाल विद्युत प्राधिकरणलाई निर्देशन गरिदिनुहुन अनुरोध गर्दछौं ।

**ख. आरसीओडी अवधि थप गर्ने सम्बन्धमा**

बाढी, पहिरो, बिस्फोटक पदार्थको अभाव, स्थानीयले गर्ने आन्दोलन र अवरोध र वित्तिय व्यवस्थापनमा भएको ढिलाईको कारण भएको अवरोध लगायतका काबु बाहिरको परिस्थीति सिर्जना भई पीपीए भइसकेका सबै जलविद्युत आयोजनाहरु तोकिएको समयअवधि भित्र निर्माण सम्पन्न हुन नसक्ने भएकाले सबै जलविद्युत आयोजनाको आरसीओडी म्याद दुई वर्ष थप गर्नका लागि ऊर्जा, जलस्रोत तथा सिन्चाई मन्त्रालयमार्फत नेपाल विद्युत प्राधिकरणलाई निर्देशन गरिदिनुहुन अनुरोध गर्दछौं ।

**ग. अनुमतिपत्रको अवधि थप सम्बन्धमा**

निर्माण सम्पन्न भएका आयोजनाहरुसमेत बाढी पहिरोमा परि लामोसमयसम्म विद्युत उत्पादन गर्न असमर्थ रहेको तर विद्युत उत्पादन अनुमतिपत्रको अवधि घर्किदैं गएकाले आयोजनाहरु लगानी उठाउन नसक्ने अवस्थामा पुगेका छन् । २०८२ साउन १४ गते गरिएको केही नेपाल ऐन संसोधनमार्फत विद्युत ऐन २०४९ को दफा ५ (१) संसोधन गरी विपद्, आमहड्ताल वा कर्फ्यू जस्ता काबु बाहिरका परिस्थीतीमा २ वर्षसम्म त्यस्ता आयोजनाको अनुमतिपत्रको अवधि थप गर्न सकिने व्यवस्था गरिसकेकोले त्यसको कार्यान्वयनका लागि ऊर्जा, जलस्रोत तथा सिन्चाई मन्त्रालयलाई आवश्यक निर्देशक गरिदिनुहुन अनुरोध गर्दछौं ।

**२. जलविद्युत कम्पनीहरुको धितोपत्रको निष्काशन तथा बिकी सम्बन्धमा**

**क. आइपीओ जारी गर्ने सम्बन्धमा**

धितोपत्र बोर्डबाट २ वर्षभन्दा लामो समयदेखि जलविद्युत कम्पनीहरुको आइपीओ नियमित रुपमा निष्काशन भएको छैन भने थोरै कम्पनीको मात्र जारी भईरहेको छ । ९७५ मेगावाट बराबरका सेयर निष्काशन कुरिरहेका ४३ कम्पनीका आईपीओ र ७ कम्पनीको राइट सेयर गरी ५० कम्पनीको समयमै सेयर जारी नहुँदा २३ अर्ब २७ करोड ८ लाख बराबरको निष्काशन हुन सकेको छैन भने यसको कारणले ऊर्जा क्षेत्रले १ खर्ब ८ अर्ब ५० करोड रुपैयाँ गुमाउनु परेको छ । जसमा समयमै जारी नभएको कारण १२ अर्ब ४० करोड ५४ लाखको ब्याज रकम बढेको, २४ अर्ब ३० करोड ६७ लाख लागत बढेको र ७१ अर्ब ७८ करोड ८१ लख राजस्व आम्दानी गुमेको इप्पानले गरेको अध्ययनले देखाएको छ । यसका

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

साथै कानूनमा समेत नभएको ९० भन्दा माथि नेटवर्थ हुनुपर्ने कारण देखाएर आधा दर्जन आयोजनालाई आईपीओ आवेदनबाटै हटाइएको छ । यसकारण आईपीओ जारी गर्नुपर्ने सबै कम्पनीहरुको यथाशिघ्र जारी गर्नका लागि अर्थ मन्त्रालयमार्फत धितोपत्र बोर्डमा निर्देशन दिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

**ख. नेटवर्थ सम्बन्धमा**

प्रतिनीधि सभाको सार्वजनिक लेखा समितिले विश्वमा कहिँकतै अभ्यास नभएको र नेपालको कानुनमा समेत कहिँ कतै समावेश नभएको रियल नेटवर्थ भन्ने शब्द र त्यस्तो नेटवर्थ ९० भन्दा कम भएका कम्पनीलाई आइपीओको अनुमति नदिनु भन्ने निर्देशनलाई धितोपत्र बोर्डले कार्यान्वयन गरिरहेको छ । यसै सन्दर्भमा प्रतिनीधि सभाको अर्थसमितिले समेत धितोपत्र बोर्डलाई आइपीओ नरोक्नु भन्ने निर्देशन गरिसकेको भएपनि लामो समयदेखि उक्त निर्देशन भने बोर्डबाट कार्यान्वयन गरिएको छैन । तसर्थ जलविद्युत कम्पनीहरुलाई आइपीओको अनुमति पाउन नेटवर्थ नचाहिने व्यवस्था गर्दै नेटवर्थ नपुगेको भनी आइपीओको पाइपलाइनबाट हटाइएका कम्पनीहरुसहित २०८० जेठ पछि आइपीओको लागि आवेदन दिएर सेबोनको पाइपलाइनमा रहेका सम्पूर्ण कम्पनीहरुलाई आइपीओको अनुमतिका लागि अर्थ मन्त्रालयमार्फत धितोपत्र बोर्डमा आवश्यक निर्देशक दिनुहुन अनुरोध गर्दछौं ।

**ग. बत्ति बलेपछि मात्रै आइपीओ सम्बन्धमा**

ऊर्जा आयोजनाको निर्माणमा धेरै ठूलो रकम लगानी चाहिन्छ । सरकारले ल्याएको कानुनले पनि स्थानीयलाई अनिवार्य रुपमा सेयर दिनुपर्ने व्यवस्था गरेको र धितोपत्र निष्काशन सम्बन्धी नियमावलीले ६० प्रतिशत निर्माण पुरा भएपछि आइपीओको लागि आवेदन दिन सक्ने व्यवस्था गरेका हुँदा प्रवर्द्धकले लागत कम गर्नको लागि वित्तिय व्यवस्थापन गर्दा नै आइपीओबाट आउने रकमलाई समेत इक्वेटीमा देखाएर सोही अनुसार बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएका हुन्छन् । यस्तो अवस्थामा निर्माणाधीन अवस्थामा रहेका ५ हजार मेगावाट भन्दा बढी क्षमता बराबरका आयोजनाका प्रवर्द्धक कम्पनीले समयमै आइपीओ ल्याउन पाउने छैनन् भने बैंकहरुले आइपीओ मार्फत आउने रकमको संकलन भएको विवरण खोजिरहेको छ ।

ठूलो रकम लगानी हुने भएकैले ऊर्जा आयोजनाले निर्माणाधीन अवस्थामै स्थानीय र सर्वसाधारणलाई सेयर जारी गर्नैपर्ने कानुनी व्यवस्था गरिएको हो । तर, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनको परिच्छेद ११ मा पुँजीबजार सुधारको सुझाव खण्डको ७ औं नम्बरमा 'जलविद्युत कम्पनीले उत्पादन सुरु गरेपछि मात्रै प्राथमिक निष्काशन गर्न पाउने व्यवस्था गर्नुपर्ने' उल्लेख गरेका आधारमा धितोपत्र बोर्डले विना कानूनी आधार विद्युत उत्पादन सुरु नगरेसम्म आइपीओको निवेदन नै नलिने नीति लिनु गलत र अदुरदर्शी निर्णयको रुपमा हामीले लिएका छौं । धितोपत्र सूचिकरण तथा वितरण नियमावली २०६५ को नियम ७(५) ले जलविद्युत आयोजनाले स्थानीयलाई चुक्तापुँजीको १० प्रतिशत सेयर दिनैपर्ने कानुनी व्यवस्था गरेको छ । धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को परिच्छेद २ को बुँदा नम्बर ४ (क५)ले विद्युत उत्पादन सुरु भएको ३ महिनाभित्र स्थानीयलाई सेयर जारी गरिसक्नुपर्ने व्यवस्था गरेको छ । अहिलेको प्रस्तावित व्यवस्था यसकै विरुद्धमा समेत भएकोले ५० प्रतिशत निर्माण पूरा भएपछि आइपीओको लागि आवेदन दिने र ६५ प्रतिशत निर्माण पुरा भएपछि आइपीओको अनुमति पाइसक्ने व्यवस्थाका लागि अर्थ मन्त्रालयमार्फत धितोपत्र बोर्डमा निर्देशन दिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

**घ. दोहोरो आइजीन सम्बन्धमा**

यसैगरी सिडीएससीले सर्वसाधारण र प्रवर्द्धकहरुलाई छुट्टाछुट्टै आइजीन नम्बर दिने भन्दै सार्वजनिक निष्काशन गरिसकेका जलविद्युत कम्पनीको सेयर समेत ६ महिनादेखि नेप्सेमा सूचीकृत गरिदिएको छैन । प्रवर्द्धक र सर्वसाधारणले धारण गर्ने सेयर एउटै हुने हुँदा विश्वमा कहिँ कतै पनि एउटै सेयरको दुईथरी आइजीन नम्बर हुँदैन । नेपालमा पनि बैंक तथा वित्तिय संस्थामा दोहोरो आइजीन नम्बर दिइएकोमा यसलाई पनि एकल आइजीन नम्बरमै लैजाने तयारी भइरहेको बेला सिडिएससीले स्वदेशी तथा विदेशी लगानी भएका कम्पनीका प्रवर्द्धकलाई निराश बनाउने गरी दोहोरो आइजीनको प्रस्ताव गरेकोले यसले स्वदेशी मात्र नभएर गैर आवासीय नेपाली तथा अर्न्तराष्ट्रिय लगानीकर्ताले समेत लगानी नगर्ने वातावरण सिर्जना भएकोले दोहोरो आइजीनको व्यवस्था कार्यान्वयन नगर्नका लागि अर्थ मन्त्रालयमार्फत धितोपत्र बोर्डमा निर्देशन दिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

**३. वन सँग सम्बन्धीत समस्याहरु समाधान गरिदिनुहुन**

**क.संरक्षीत क्षेत्रमा परेका आयोजना सम्बन्धमा**

अहिले जलविद्युत आयोजना निर्माणको क्रममा सबैभन्दा धेरै अवरोध वन मन्त्रालय र मातहतका निकायबाट भइरहेको छ । जलविद्युत आयोजना निर्माणको लागि विद्युत विकास विभागले अनुमति दिएपनि वन मन्त्रालयले रुख कटान, जग्गा सट्टाभर्ना लगायतका कुरामा अनुमति नदिंदा २०० भन्दा धेरै आयोजनाहरु अलपत्र परेका छन् ।

आयोजना निर्माणको अनुमति नै पाइसकेका ३ दर्जन आयोजनाहरु त रुख कटानको अनुमति मात्र नपाएका कारण लाइसेन्सको अवधि सकिएर बास्केटमा पुग्ने अवस्थामा छन् । ती आयोजनामा भइसकेको अरबौं रुपैयाँ लगानी डुबेर प्रवर्द्धकहरु सडकमा आउनु परिस्थीति सिर्जना भएको छ । लगानी भइसकेका आयोजनाको निर्माण नरोक्नु भन्ने सर्वोच्च अदालतको फैसलाले पनि भनिसकेकोले वन मन्त्रालयमा रोकिएका सबै जलविद्युत आयोजनाको निर्माणमा सहजीकरण्का लागि वन तथा वातावरण मन्त्रालयलाई दिर्नेशन दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**ख. वन नियमावली संसोधन सम्बन्धमा**

वन नियमावली, २०७९ को दोस्रो संसोधन मार्फत मा संसोधन गरी पूर्वाधार आयोजनाले वन क्षेत्र प्रयोग गरेवापत प्रतिहेक्टर ८० लाख रुपैयाँसम्म मूल्य तोकिएको र हाल प्रस्ताव गरिएको वन नियमावलीको संसोधनमा वन क्षेत्र प्रयोग गरे वापत जग्गा सट्टापट्टा गर्ने विकल्प नदिएर पैसा मात्रै तिर्नुपर्ने जुन व्यवस्था प्रस्ताव गरिएको छ, यसले जलविद्युत आयोजनाको निर्माण लागत निकै नै बढी पर्ने भएकाले वन नियमालीमा वन क्षेत्रको जग्गाको मूल्य न्यून गर्ने वा वन क्षेत्रको जग्गाको सट्टा जग्गा पनि किनेर दिन पाउने व्यवस्था गर्नुका साथै नियमावलीको नियम ८९ (२ग) मा रहेको सामुदायिक वनको जग्गा प्रयोग गर्न सामुदायिक वन उपभोक्ता समूहको साधारणसभाको निर्णय चाहिने व्यवस्था संसोधन गरी उपभोक्ता समितिको निर्णय भए पुग्ने व्यवस्थाका लागि वन मन्त्रालयलाई निर्देशन दिनुहुँन अनुरोध गर्दछौं ।

Regd No: 77/1263/057/058 PAN No: 302275560

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

**ग. राजपत्रमा सूचना प्रकाशन सम्बन्धमा**

सरकारले २०८२ साउन १४ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐन संसोधनमार्फत वन नियमावली, २०७९ को नियम नियम ८७ संसोधन गर्दै जलविद्युत आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भनि आयोजना पिच्छे नै राजपत्रमा सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था गरेको छ । यसले आयोजना निर्माणको कममा ६ महिनादेखि १ वर्षसम्म निर्माण अवधि लम्बिने र आयोजनाको निर्माण अवधि लम्बिदा निर्माण लागत अत्याधिक बढेर आयोजना नै भायबल नहुने भएकाले यस्तो व्यवस्था संसोधन गरी सबै जलविद्युत आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा समावेश गर्ने वातावरण निर्माण गरिदिनुहुन अनुरोध गर्दछौं ।

माथिका समस्याहरु समाधान गरी सरकारको ऊर्जा विकास र ऊर्जा सुरक्षाको लक्ष्य हासिल गर्नका लागि हाल ऊर्जामा लगानी गरिरहेका निजी क्षेत्रको उच्च मनोबल र उत्साह बढ्ने वातावरण निर्माण गरिदिनुहुन सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष विनम्रतापूर्वक अनुरोध गर्दछौ । साथै ऊर्जा विकासका लागि सरकारसँग हातेमालो गर्न तयार रहेको समेत जानकारी गराउन चाहान्छौ ।

धन्यवाद ।

भवदीय

गणेश कार्की
अध्यक्ष

**बोधार्थ**

माननीय रामेश्वर खनालज्यू, अर्थमन्त्री, सिंहदरबार, काठमाडौं, नेपाल
माननीय कुलमान घिसिङज्यू, ऊर्जा, जलस्रोत तथा सिचाईंमन्त्री, सिंहदरबार काठमाडौं, नेपाल
माननीय वन तथा वातावरण मन्त्री, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौ

Heritage Plaza II, Kamaladi, PO Box: 20010, Kathmandu, Nepal, Tel: 977-1-4169175, Email: info@ippan.org.np, Web: www.ippan.org.np